# मोनोक्लोनल एन्टिबडी उपचार भनेको के हो?

तपाईं कोभिड-19 को कारणले सिकिस्त बिरामी हुने जोखिम छ र तपाईंमा कोभिड-19 को सङ्क्रमण पुष्टि भएको छ वा तपाईं कोभिड-19 को सङ्क्रमण पुष्टि भएको व्यक्तिसँग नजिकको सम्पर्कमा आउनुभएको छ भने तपाईं मोनोक्लोनल एन्टिबडी (mAb) उपचार विधि प्रयोग गर्न सक्नुहुन्छ। तपाईं आफ्नो उमेर, विगतको स्वास्थ्यसम्बन्धी जानकारी र तपाईंलाई लक्षणहरू देखिन थालेको कति भयो भन्ने कुराका आधारमा कोभिड-19 को उपचारका लागि mAb उपचार विधि प्रयोग गर्न सक्नुहुन्छ।

mAb उपचार विधिले कोभिड-19 निम्त्याउने भाइरसलाई तपाईंको शरीरको जीवकोषमा प्रवेश गर्नबाट रोक्न र तपाईंको शरीरमा भाइरसको मात्रा सीमित पार्न सक्छ। यसले गर्दा तपाईंमा मध्यम खालका लक्षणहरू मात्र देखिन सक्छ र तपाईं अस्पतालमा भर्ना हुनु पर्ने अवस्था आउने जोखिम घट्न सक्छ।

mAb उपचार विधि निम्न व्यक्तिका लागि उपयोगी हुन सक्छ:

- कोभिड-19 का अझ गम्भीर लक्षणहरू देखिने उच्च जोखिम भएका व्यक्ति **र**
- बढीमा 7 दिन लक्षणहरू देखिएका र कोभिड-19 को सङ्क्रमण पुष्टि भएका व्यक्ति **वा**
- हालसालै परीक्षणको नतिजा पोजिटिभ आएका कोही व्यक्तिसँग नजिकको सम्पर्कमा आएका व्यक्ति

## • मोनोक्लोनल एन्टिबडी भनेको के हो?

तपाईंको शरीरले सङ्क्रमणसँग लड्न प्राकृतिक रूपमा एन्टिबडी उत्पादन गर्छ। तर तपाईंको शरीरमा कोभिड-19 निम्त्याउने SARS-CoV-2 भाइरस जस्ता नोवेल (नयाँ) भाइरस पहिचान गर्न सक्ने एन्टिबडी नहुन सक्छ। मोनोक्लोनल एन्टिबडी (mAb) भनेका कुनै निश्चित सङ्क्रमण (यो अवस्थामा SARS-CoV-2) सँग लड्नका निम्ति प्रयोगशालामा बनाइएको एन्टिबडी हो र यो एन्टिबडी तपाईंलाई सुईका माध्यमबाट दिइन्छ। तपाईंलाई कोभिड-19 का गम्भीर लक्षणहरू देखिने वा अस्पतालमा भर्ना हुनु पर्ने अवस्था आउने उच्च जोखिम छ भने तपाईंका लागि mAb उपचार विधि उपयोगी हुन सक्छ।

कोभिड-19 को उपचारका लागि प्रयोग गरिने mAb उपचार विधि कोभिड-19 विरुद्धको खोपभन्दा फरक छ। कोभिड-19 विरुद्धको खोपले तपाईंको शरीरको स्वाभाविक रोग प्रतिरोधात्मक क्षमता बढाउँछ तर तपाईंको शरीरमा भाइरससँग लड्ने पर्याप्त एन्टिबडी उत्पादन हुन हप्तौं लाग्न सक्छ। त्यसैले तपाईंको शरीरमा भाइरस छ भने mAb उपचार विधिले तपाईंको शरीरलाई त्यस्तो एन्टिबडी दिन्छ जसको सहायताले शरीरले आफूलाई सुरक्षित राख्न सक्छ। mAb उपचार विधिले खोपले प्रदान गर्ने रोग प्रतिरोधात्मक क्षमतालाई प्रतिस्थापन गर्दैन तर तपाईंलाई गम्भीर कोभिड-19 हुने जोखिम छ भने यसले तपाईंलाई मद्दत गर्न सक्छ।

## • मोनोक्लोनल एन्टिबडी उपचार विधिले मलाई बिरामी बनाउन सक्छ?

एन्टिबडी उपचार विधिमा सक्रिय भाइरस प्रयोग गरिँदैन। त्यसकारण mAb उपचार विधि प्रयोग गर्दा तपाईंलाई कोभिड-19 सङ्क्रमण हुने जोखिम हुँदैन। तर यो एन्टिबडी उपचार विधिका केही साइड इफेक्टहरू हुन सक्छन्। कृपया आफ्ना स्वास्थ्य सेवा प्रदायकसँग सम्भावित साइड इफेक्टहरूका बारेमा र ती साइड इफेक्ट देखिएमा के गर्ने भन्ने बारेमा कुरा गर्नुहोस्।

## • म मोनोक्लोनल एन्टिबडी उपचार प्राप्त गर्नका लागि योग्य ठहर भइनँ भने के गर्ने?

तपाईंका स्वास्थ्य सेवा प्रदायकले तपाईं mAb उपचार प्राप्त गर्नका लागि योग्य हुनुहुन्न भन्ने कुरा ठहर गर्न सक्नुहुन्छ। यसका थुप्रै कारणहरू हुन सक्छन्। तपाईंले योग्यताका सबै मापदण्ड पूरा नगरेको हुन सक्छ वा तपाईंमा कुनै त्यस्तो स्वास्थ्य समस्या हुन सक्छ जसले गर्दा तपाईंका लागि mAb उपचार उपयुक्त नहुन सक्छ। आफ्ना स्वास्थ्य सेवा प्रदायकलाई वैकल्पिक उपचार विधिहरूका बारेमा सोध्नुहोस्।

## • म मोनोक्लोनल एन्टिबडी उपचार कसरी प्राप्त गर्न सक्छु?

चरण 1: कोभिड-19 का लक्षणहरू देखिएको बढीमा 7 दिन हुनुका साथै परीक्षणको नतिजा पोजिटिभ आएको छ भने यो उपचार प्राप्त गर्न सकिन्छ।

चरण 2: आफ्ना स्वास्थ्य सेवा प्रदायकबाट सिफारिस प्राप्त गर्नुहोस्।

चरण 3: उपलब्ध फ्युजन सेन्टर खोज्नुहोस्।

mAb उपचार प्राप्त गर्नका निम्ति तपाईंले आफ्ना स्वास्थ्य सेवा प्रदायकबाट यो उपचारको सिफारिस प्राप्त गर्नु पर्छ र उपलब्ध इन्फ्युजन सेन्टरका बारेमा जानकारी पनि प्राप्त गर्नु पर्छ। **तपाईंको स्वास्थ्य सेवा प्रदायक छैन भने** आफूमा देखिएका लक्षणहरू र उपचारका बारेमा कोसँग कुरा गर्ने भन्ने कुरा थाहा पाउन Combat COVID Monoclonal Antibodies Call Center (कम्ब्याट कोभिड मोनोक्लोनल एन्टिबडी कल सेन्टर) को नम्बर 1-877-332-6585 मा फोन गर्नुहोस्।

DOH 825-031 March 2022 Nepali

तपाईं यो सामग्री अरू कुनै ढाँचामा प्राप्त गर्न चाहनुहुन्छ भने 1-800-525-0127 मा फोन गर्नुहोस्। कान नसुन्ने वा श्रवण शक्ति कमजोर भएका सेवाग्राहीहरूले कृपया 711 (Washington Relay) मा फोन गर्नुहोस् वा mailto:ecivil.rights@doh.wa.gov मा इमेल पठाउनुहोस्।